# आज २०६५ माघ २२ गते हामी
# पाँचौं वर्ष पूरा गरी
# छैटौं वर्षमा प्रवेश गर्दै छौं।

यस सुखद उपलक्ष्यमा हाम्रा सम्पूर्ण ग्राहक एवम्
उपभोक्ताहरुलाई आगामी दिनहरुमा पनि स्तरीय
तथा विश्वसनीय सेवा उपलब्ध गराई
दूरसञ्चार सेवामा समर्पित हुने प्रण गर्दछौं।

# नेपाल टेलिकम

# नेपाल टेलिकम

(नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)

# पाँचौं वार्षिकोत्सव स्मारिका
# २०६५

# NEPAL TELECOM

**(NEPAL DOORSANCHAR COMPANY LIMITED)**

*5th Anniversary Souvenir*

**2009**


प्रकाशन मिति : २०६५ माघ २२ गते

**सम्पादन समिति**

| | |
|---|---|
| विश्वनाथ गोयल | संयोजक |
| रमेशकुमार श्रेष्ठ (हाल सेवा निवृत्त) | सदस्य |
| श्यामसुन्दरप्रसाद यादव | सदस्य |
| लोचनलाल अमात्य | सदस्य |
| लक्ष्मण अधिकारी | सदस्य |

| | | |
|---|---|---|
| ले-आउट÷आवरण डिजाइन | : | नगेन्द्र÷ज्ञानेन्द्र स्याङ्बो |
| शुद्धाशुद्धी | : | रोहिणी घिमिरे |


यस स्मारिकामा व्यक्त विचारहरु लेखकका निजी हुन् र प्रस्तुत तथ्या°को जिम्मेवारी लेखक स्वयम्मा हुनेछ ।

– संयोजक

नेपाल सरकार
सूचना तथा सञ्चारमन्त्रीको
निजी सचिवालय
सिंहदरबार, काठमाडौं



# शुभकामना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)ले आफ्नो स्थापनाको पाँचौं वर्ष पूरा गरी छैटौं वर्ष प्रवेश गरेको अवसरमा समसामयिक सामग्रीहरु समेटी स्मारिका प्रकाशन गर्न लागेको थाहा पाउँदा खुशी लागेको छ ।

*"हात-हातमा मोबाइल घर-घरमा इन्टरनेट"* भन्ने नाराका साथ दूरसञ्चारको सेवा विस्तार तथा सेवाको गुणस्तर अभिवृद्धि गर्दै नेपालको सम्पूर्ण भू-भागमा दूरसञ्चार सेवा पुऱ्याई सूचना प्रविधिको माध्यमबाट द्रुत आर्थिक विकास गरी जनताको जीवनस्तर माथि उठाउने सरकारको उद्देश्य पूरा गर्न नेपाल टेलिकमको प्रमुख भूमिका रहने कुरामा म विश्वस्त छु । हिमाल, पहाड र तराईका सबै भू-भागमा सूचना मार्गहरु निर्माण गरी देशभर दूरसञ्चार सेवा पुऱ्याउने सूचना तथा सञ्चार मन्त्रालयको अवधारणालाई मार्गनिर्देशनको रुपमा लिई जनतालाई दूरसञ्चार सेवा प्रदान गर्न नेपाल टेलिकम अगाडि बढ्नेछ भन्ने विश्वास लिएको छु ।

देश ऐतिहासिक परिवर्तनको संघारमा रहेको वर्तमान अवस्थामा आर्थिक, सामाजिक रूपमा पछि पारिएका नेपाली जनतालाई नयाँ नेपाल निर्माणको मूल प्रवाहमा ल्याउन नेपाल टेलिकमले नेपाल, नेपाली जनता र कम्पनीको हितलाई केन्द्रमा राखी अघि बढ्ने विश्वाससहित कम्पनी एवम् कर्मचारीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।

**(कृष्णबहादुर महरा)**
मन्त्री
सूचना तथा सञ्चार

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं



# शुभकामना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले २०६५ माघ २२ गते आफ्नो कार्यकालको पाँचौं वर्ष पूरा गरी छैटौं वर्ष प्रवेशको वार्षिक उत्सवको अवसरमा स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ ।

दूरसञ्चारको क्षेत्रमा भइरहेको द्रुततर विकाससँग तादात्म्यता राख्दै विगतमा कम्पनीले नेपालको दूरसञ्चारको क्षेत्रमा पुऱ्याइरहेको योगदान प्रशंसनीय रहेको छ । जनताको आवश्यकता र आकांक्षाअनुरुप सेवा–सुविधा प्रदान गर्न कम्पनी अझ बढी क्रियाशील र प्रतिबद्ध हुनुपर्ने खाँचो छ भन्नेमा म विश्वास व्यक्त गर्दछु । प्रकाशन हुन लागेको स्मारिका दूरसञ्चारसम्बन्धी विविध ज्ञानवर्द्धक र सूचनामूलक सामग्रीलाई समेटी पठनीय र संग्रहणीय बन्नेछ भन्ने आशाका साथै प्रकाशनमा संलग्न सबैलाई धन्यवाद दिन्छु ।

(लीलामणि पौड्याल)
अध्यक्ष
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
२०६५÷९÷२९

# प्रतिबद्धता



नेपाल टेलिकम विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि प्रगतिको अग्रणी स्थानमा कायम रहँदै आज माघ २२ गते पाँचौं वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको छ । सर्वसाधारण जनताको सहयोग, ग्राहकवर्गको सद्भाव एवम् कर्मचारीवर्गको लगनशीलता र मेहनतको कारणले गर्दा नै कम्पनीले दूरसञ्चार सेवाको विकास एवम् विस्तार गर्दै मुलुकको सर्वाङ्गीण विकासमा उदाहरणीय भूमिका निर्वाह गर्न सकेको हो । कम्पनीको वार्षिकोत्सवका अवसरमा आदरणीय उपभोक्तावर्ग, शेयरहोल्डरहरू, शुभचिन्तक तथा सम्पूर्ण सहयोगीप्रति आभार व्यक्त गर्दै कर्मचारीवर्गमा धन्यवाद ज्ञापन गर्दछु ।

विगत ५ वर्षको अवधिमा कम्पनीले प्राप्त गर्न सकेका व्यावसायिक सफलताका अनेकौं उदाहरणहरू छन् । बजार विस्तारसम्बन्धी तथ्यांकअनुसार गत ५ वर्षको अवधिमा कम्पनीको ग्राहक संख्या ४ लाख २२ हजारबाट वृद्धि भई ३१ लाख नाघिसकेको छ भने यही अवधिमा कम्पनीको कुल आम्दानी करिब रू. ७ अर्ब ६६ करोडबाट रू. २२ अर्ब ७३ करोड पुगेको छ । आफ्नो सेवा विस्तार गर्ने क्रममा नेपाल टेलिकमले आधारभूत सेवाअन्तर्गत PSTN सेवाको एक्सचेन्ज ७३ जिल्लामा स्थापना गरिसकेको छ भने GSM र CDMA प्रविधि पचहत्तरै जिल्लामा सञ्चालनमा ल्याइसकेको छ । यसको अलावा ५ वर्षअघि एक हजार लाइनको लागि औसत १३ जना कर्मचारी कार्यरत थिए भने हाल नयाँ प्रविधिको प्रयोग तथा कर्मचारीको उत्पादकत्वमा वृद्धि भएकै कारणले गर्दा एक हजार लाइनको लागि औसत २ जना कर्मचारीले सेवा प्रदान गर्न सकिरहेका छन् । नेपाल टेलिकमसँग सम्बन्धित सबैका लागि यो गर्वको विषय हो भन्ने मैले ठानेको छु । साथै कम्पनीको प्रगतिमा योगदान पुऱ्याउने सबैप्रति कृतज्ञता व्यक्त गर्दछु ।

मुलुकको सुगमदेखि दुर्गम ग्रामीण क्षेत्रका सर्वसाधारण जनताको पहुँचसम्म दूरसञ्चार सेवा उपलब्ध गराउन कम्पनीले न्यूनतम महसुल दरमा विविध सेवाहरू उपलब्ध गराउने जिम्मेवारी वहन गर्दै आइरहेको छ । यस क्रमलाई निरन्तरता दिंदै दूरसञ्चार सेवाको विकास तथा विस्तारको क्रममा आइपर्ने आर्थिक तथा प्राविधिक समस्या, बाधा, अड्चन र मुलुकको विषम भौगोलिक यथार्थतालाई चुनौतीको रूपमा स्वीकार्दै देशको दूरसञ्चार क्षेत्रमा अग्रपंक्तिमा निरन्तर रहिरहन प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

दूरसञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा देखा परेका र सर्वसाधारण उपभोक्तालाई कम्पनीले उपलब्ध गराउँदै आएका तथा भविष्यमा उपलब्ध गराउने सेवाहरूसम्बन्धमा तयार गरिएका लेख-रचनाहरू समावेश भएको यस स्मारिकाले जिज्ञासुहरूलाई केही हदसम्म जानकारी दिने विश्वास लिएको छु ।

यस कम्पनीका सेवाहरूप्रति उपभोक्ता तथा ग्राहकवर्गले दर्शाउनुभएको माया, सद्भावको आदर गर्दै भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

**अमरनाथ सिंह**
प्रबन्ध निर्देशक
नेपाल टेलिकम
२०६५।१०।२२

# सम्पादकीय

नेपाल टेलिकम आज २०६५ साल माघ २२ गते पाँचौं वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको छ। यस अवसरमा कम्पनीका सम्पूर्ण कर्मचारीहरुमा खुशी तथा उत्साहको अनुभव हुनु स्वाभाविक नै हो। यो खुशीको सुखद अनुभूतिलाई हामी नेपाल टेलिकमका सम्पूर्ण उपभोक्ता, शेयरहोल्डर तथा शुभचिन्तकहरुसँग आत्मसात् गर्न चाहन्छौं।

कम्पनीमा परिवर्तन भएपछिका अवधिमा नेपाल टेलिकमले दूरसञ्चार विकास तथा विस्तारको क्षेत्रमा ठूलो फड्को मारिसकेको छ। नेपाल टेलिकमले आफ्नो सेवाको विस्तार गर्दा नाफा हुने शहरी क्षेत्रमा मात्र नभई ठूलो लगानीबाट कम प्रतिफल आउने ग्रामीण क्षेत्रमा समेत महत्वका साथ लगानी गरिरहेको छ। वर्तमान दूरसञ्चार बजार प्रतिस्पर्धात्मक रुपमा अगाडि बढिरहेको भए तापनि नेपाल टेलिकमले दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत उत्तिकै महत्व दिएर सेवाको विस्तार गर्दै अग्रणी संस्थाको रुपमा कायम रहन सकेको छ।

नेपाल दूरसञ्चार संस्थान कम्पनीमा परिवर्तन भएपछि नेपाल टेलिकमले टेलिफोन सेवा विस्तारका लागि ठूला आयोजनाहरु सञ्चालनमा ल्याएको छ। कम्पनीमा परिवर्तन हुनासाथ नेपाल टेलिकमले कर्मचारीहरुको दक्षता अभिवृद्धि गर्ने तथा कार्यशैली परिवर्तन गर्ने विभिन्न किसिमका तालिमहरु सञ्चालन गरेकोमा अहिले त्यसका प्रतिफलहरु पनि देखा पर्न थालेका छन्।

नेपाल टेलिकमले आफ्ना सेवाहरुको बारेमा उपभोक्ताहरुलाई विभिन्न माध्यमबाट जानकारी गराउने गरेको छ। आफ्ना उपलब्धि तथा सेवाहरुको सम्बन्धमा हरेक वर्ष स्मारिकासमेत प्रकाशित गर्ने गरिन्छ र त्यसकै निरन्तरताका रुपमा यो स्मारिका प्रकाशित भएको छ। यस स्मारिकामा मुख्यतः नेपाल टेलिकममा भइरहेका गतिविधिहरुलाई समेट्ने प्रयत्न गरिएको छ। नेपाल टेलिकमद्वारा सञ्चालित सेवाहरुका साथै कम्पनीसँग सम्बन्धित प्राविधिक, आर्थिक, कानुनी, प्रशासनिक विषयका विभिन्न लेख तथा रचनाहरु यस स्मारिकामा समेटिएका छन्। यी लेख-रचनाहरुले नेपाल टेलिकमका सम्बन्धमा विविध सूचनाहरु सम्प्रेषण गरी कम्पनीको अग्रगामी विकासका लागि सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

यस स्मारिकालाई गतवर्षहरुमा प्रकाशित स्मारिकाभन्दा अझ जानकारीमूलक, उपयोगी, त्रुटिरहित र स्तरीय बनाउन स्मारिका प्रकाशन समितिले मनग्य प्रयत्न गरेको जानकारी गराउँछौं। तर पनि कतिपय कारणले पाठकवर्गको अपेक्षाअनुरुपका सामग्रीहरु सम्पूर्ण रुपमा नसमेटिएको पनि हुन सक्छ, विभिन्न त्रुटिहरु पनि भएका हुन सक्छन्। यस्ता त्रुटिहरुलाई मानवीय भूलका रुपमा लिइदिन आग्रह गर्दछौं। समयसीमा तथा सीमित स्थानका बाबजुद विभिन्न माध्यमबाट सम्पादन समितिलाई प्राप्त लेख तथा रचनाहरुलाई अधिकतम रुपमा समेट्न प्रयत्न गरिएको जानकारी गराउँछौं। स्मारिकामा प्रकाशनार्थ यस पटक गतवर्षहरुमा भन्दा धेरै लेख-रचनाहरु प्राप्त भएकाले यसले सम्पादन समितिलाई एकातिर अझ हौसला प्रदान गऱ्यो भने अर्कोतिर लेख छनोट तथा सम्पादन कार्यमा थप चुनौती थपिएको अनुभव भयो। स्मारिकामा प्रकाशनार्थ आफ्ना लेख-रचना तथा सुझावहरु प्रेषित गर्नेलगायत प्रकाशन कार्यमा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरुप्रति प्रकाशन समिति हार्दिक आभार व्यक्त गर्दछ। साथै सबै लेख-रचनाहरु समेट्न असमर्थ भएको बाध्यतालाई सहजरुपमा लिइदिन सम्पूर्ण लेखकवर्गहरुमा अनुरोध गर्दछौं।

**स्मारिका प्रकाशन समिति**

२०६५

# विषय सूची

# Table of Contents

## पाँचौं वार्षिकोत्सव स्मारिका

## 5th Anniversary Souvenir 2009


| क्र.सं. | विषय | लेखक | पृष्ठ संख्या |
|---|---|---|---|
| १. | गुणस्तरीय सेवा विस्तारमा जोड दिइने (अन्तर्वार्ता) | **लक्ष्मण अधिकारी** | ११ |
| २. | "हात-हातमा मोबाइल घर-घरमा इन्टरनेट" सन्देश, चुनौती र सार्थकता | **सुरेन्द्र प्रसाद थिके** | १४ |
| ३. | Optical Fiber Network Infrastructure Sharing | Hiranya Kumar Bhattarai | १८ |
| ४. | खुला वातावरण र प्रतिस्पर्धालाई अवसरका रुपमा ग्रहण गर्नुपर्छ (अन्तर्वार्ता) | **उमेश दाहाल** | २० |
| ५. | नेपालमा सूचनाको हकसम्बन्धी व्यवस्था : *एक विवेचना* | **राजेन्द्र नेपाल** | २३ |
| ६. | दूरसञ्चारको विकासमा तालिम केन्द्रको महत्व | **रमेश कुमार श्रेष्ठ** | २७ |
| ७. | "Next Generation Network"- Overview, its Challenges and Opportunity | Kamini Rajbhandari | २८ |
| ८. | Nepal Telecom's Share | Surya Bhakta Pokhrel | ३२ |
| ९. | Board Meetings - A CEO's Point of View : | Sudhir Prasad Aryal | ३४ |
| १०. | R&D in Service Organization | Shyam Sundar Prasad Yadav | ३६ |
| ११. | Convergent Real Time Billing for Better Customer Care | Gunakeshari Pradhan | ४० |
| १२. | Revenue Generator: 3-G Service | Rabindra Jha | ४२ |
| १३. | नेपाल टेलिकमको सामाजिक क्षेत्रमा योगदान | **लक्ष्मण अधिकारी** | ४४ |
| १४. | पत्रकारिता र मोबाइल | **रामचन्द्र भट्ट** | ४८ |
| १५. | दूरसञ्चार | **श्याम प्रसाद खनाल** | ५१ |
| १६. | केबुल चोरी एक समस्या | **झवीन्द्र लाल उपाध्याय** | ५२ |
| १७. | सेवा सञ्चालनमा ग्राहकसम्बन्धी कानुनी दस्तावेजहरु र सोको प्रभाव | **राम कुमार के.सी.** | ५४ |
| १८. | The GATS Challenge: Are We Ready? | Rajesh Joshi | ५६ |
| १९. | नेपाल टेलिकम : संक्रमणकालीन व्यवस्थापनको कसीमा | **चक्रपाणी शर्मा** | ५९ |
| २०. | Wireless Broadband: The New Era in Communications | Anant Prakash Mallik | ६१ |
| २१. | At Your Service | Shiva Bhushan Lal | ६५ |
| २२. | Technology Talk- Black Berry | Sanjeeb Kumar DEO | ६७ |
| २३. | Nepal Telecom-Vision | Sunil Kumar Pokhrel | ६९ |
| २४. | Success in Transition | Bishal Bharadwaj | ७२ |
| २५. | पेसाकर्मीहरुका लागि योग | **पशुपति गिरी** | ७४ |
| २६. | Electronic Payment System | Lochan Lal Amatya | ७८ |
| २७. | दूरसञ्चार सेवा प्रवाहमा कार्यसम्पादन मूल्यांकनको योगदान (Performance Appraisal and its Contribution for Telecom Services) | **एकनारायण अर्याल** | ८१ |
| २८. | कार्यसम्पादन मूल्यांकन र यसमा गर्नुपर्ने सुधार | **राजुबाबु अर्याल** | ८६ |
| २९. | जनशक्ति योजना (Human Resource Planning) | **राधा सिम्खडा** | ९० |
| ३०. | सन्दर्भ : नेपाल टेलिकम (Good Governance - An Overview of Nepal Telecom) | **दिनेश कुमार रेग्मी** | ९४ |
| ३१. | समुन्नत टेलिकमका लागि युनियनहरुको भूमिका | **नीलकण्ठ तिवारी** | ९९ |
| ३२. | सधैं सेवा दिन्छौं | **विश्वनाथ ढुङ्गेल** | १०० |
| ३३. | नेपाल टेलिकम : अवसर र चुनौती | **ढुन बहादुर बुढाथोकी "संघर्ष"** | १०१ |
| ३४. | विश्व आर्थिक मन्दी र नेपाल टेलिकम | **राजेन्द्र कुमार दाहाल** | १०४ |
| ३५. | PSTN टेलिफोनको राजस्व संकलन प्रणाली | **बद्री प्रसाद ढकाल** | १०६ |
| ३६. | प्रतिस्पर्धा र कर्मचारीको भूमिका | **राजाराम शर्मा** | १०९ |
| ३७. | Self Investment | Bhuwan Raj Chataut | ११० |
| ३८. | नेपाल टेलिकमको विज्ञापन र बजारीकरण नीति | **डम्बर बहादुर चन्द** | ११२ |
| ३९. | Life Long Learning for Workers | Kamal Raj Adhikari | ११४ |
| ४०. | Knowledge Management | Binita Shrestha | ११६ |
| ४१. | नेपाल टेलिकमको प्रशासनमा सुधार अनिवार्य | **नारायण महत** | ११८ |
| ४२. | टेलिकमको पावर र समस्याग्रस्त परिपाटी | **शिवजी साह** | १२० |
| ४१. | २५ वर्ष स्थायी सेवाअवधि पुगेका कर्मचारीहरुको विवरण | | १२२ |